<u>बैठक संख्याः ३४</u>

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७८।०४।२१ गते बिहीबार दिनको १:०० बजे बसेको बैठकका निर्णयहरुः-

१. सीमा क्षेत्रमा हुने समस्याका विषयलाई लिएर छिमेकी राष्ट्रहरु बीचमा बेलाबखत विवाद हुँदै आइरहेकोले त्यसलाई दीर्घकालीन रुपमा समाधान गर्नका निमित्त नेपाल सरकारलाई निर्देशन दिने ।

२. विश्वव्यापी महामारीको रुपमा देखा परेको कोरोना भाइरस (कोभिड–१९) दिनदिनै बढ्ने क्रममा रहेको हुँदा त्यसबाट नागरिकहरुको जीउ ज्यान बचाउनका निमित्त सबै नागरिकहरुलाई पुग्ने गरी खोपको व्यवस्था गर्न तथा कोरोनाबाट पीडित नागरिकहरुको चेक जाँच, औषधी, अक्सिजन सिलिण्डर लगायतका सामग्रीहरुको यथेष्ट मात्रामा आपूर्ति गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

३. रौतहट जिल्ला क्षेत्र नं. ४ बाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्नुहुने यस समितिका सदस्य माननीय देवप्रसाद तिमल्सीनाको धर्मपत्नी श्री रेणु तिमल्सीनाको मिति २०७८।०४।२१ गते बिहान असामयिक निधन भएकोले वहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दैं शोक सन्तप्त परिवारहरुप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

४. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो ।